# सखुवानन्कारकट्टी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सखुवानन्कारकट्टी, सिरहा
प्रदेश नं. २, नेपाल

पत्र संख्या : २०७६/०७७
चलानी नं.:

मिति : २०७७।०३।०७ गते

**करार खेतीको लागि जग्गा भाडामा लिने सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा यस गाउँपालिकाद्धारा जग्गा भाडामा लिई संचालन गरिने खेती (करार खेती) कार्यक्रम जग्गा विहनि, सिमान्तकृत तथा दलित समुदायको सहभागितामा संचालन गरिने भएकोले यस गाउँपालिका भित्र रहेका जग्गा भाडामा दिन इच्छुक जग्गाधनीहरुले तपशिल बमोजिमका शर्तहरु बमोजिम यो सूचना प्रकाशन भएको मितिबाट १५ दिन भित्र प्रति कठ्ठा प्रति वर्ष के-कति दर रेटमा जग्गा भाडामा दिने हो सो खुलाई जग्गाधनी प्रमाण पत्र र नागरिकता प्रमाण पत्रको प्रतिलिपि सहित यस कार्यालयमा निवेदन पेश गर्नु हुन सूचित गरिन्छ ।

**तपशिल**

१. भाडामा दिने जग्गा विवाद रहित तथा एकल स्वामित्व भएको हुनु पर्ने छ । जग्गाको साँध सिमाना तथा नाप नक्शामा कुनै पनि विवाद नभएको हुनु पर्ने छ ।
२. एकै करिडोरमा कम्तीमा १ विगाह देखी ४ विग्हा सम्म जग्गा भएको हुनु पर्ने छ । यस्तो जग्गामा एकै जनाको स्वामित्व नभएको अवस्थामा बेग्ला बेग्लै जग्गाधनीहरु भए छुटा छुटै निवेदन पेश गर्नु पर्नेछ ।
३. भाडामा दिईने जग्गामा धानवाली तथा तरकारी वाली लगाउन सक्ने र राम्रो उत्पादन हुने किसिमको जग्गा हुनु पर्दछ । बाटो र विद्युतको पहुँच भएको जग्गालाई प्राथमिकता दिईने छ ।
४. कम्तीमा ५ वर्षको लागी जग्गा भाडामा दिन इच्छुक हुनु पर्ने छ ।
५. गाउँपालिका, जग्गाधनी र करार खेतीको लागी संलग्न समूहहरु वीच त्रिपक्षीय सम्झौताको आधारमा जग्गा भाडामा लिने दिने कार्य गरिनेछ ।
६. प्राप्त निवेदनहरु मध्ये उपयुक्त र प्रतिस्पर्धात्मक दर रेट कायम गरिएको वढीमा ३ ठाउँको जग्गा मात्र भाडामा लिईने छ ।
७. यस सम्वन्धी अन्य शर्त जग्गा भाडामा लिने दिने सम्बन्धी शर्तहरु जग्गाधनी र गाउँपालिका वीचको आपसी सहमतीको आधारमा तय गरिने छ । यस सम्बन्धी निर्णय गर्ने सम्पूर्ण अधिकार गाउँपालिकामा निहित रहने छ ।

..............................

राजीव कुमार भगत
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner